## नेपाल सरकार
## शिक्षा मन्त्रालयको सूचना

### शिक्षक सेवा आयोग (चौथो संशोधन) नियमावली, २०६६

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षक सेवा आयोग (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. मा संशोधनः शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०६३ साल संसीर ५ गतेभन्दा अघि शिक्षक पदमा नियुक्ति भई यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म निरन्तर रुपमा काम गरिरहेको शिक्षक यो उपनियम प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्रको लागि लिइने पहिलो परीक्षामा उम्मेदवार हुन सक्नेछ ।

तर त्यस्तो शिक्षकले यो उपनियम प्रारम्भ भएको मितिले तीन वर्षभित्र तालिम नलिएमा निजले प्राप्त गरेको अध्यापन अनुमतिपत्र स्वतः रद्द हुनेछ।"

आज्ञाले,
डा. रामस्वरुप सिन्हा
नेपाल सरकारको सचिव



311

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## नेपाल सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १८ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा देहाय बमोजिम निरीक्षण अधिकृतहरू तोकेको छः–

क) देहायका जिल्लाहरूको लागि घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय प्रमुखः-
(१) सुनसरी (२) सिराहा (३) सप्तरी (४) महोत्तरी (५) सर्लाही (६) रौतहट (७) बारा (८) मकवानपुर (९) चितवन (१०) काभ्रे-पलाञ्चोक (११) नवलपरासी (१२) कपिलवस्तु (१३) पाल्पा (१४) दाङ (१५) बर्दिया (१६) झापा (१७) कञ्चनपुर (१८) ललितपुर (१९) भक्तपुर ।

ख) देहायका जिल्लाहरूको लागि सम्बन्धित जिल्लामा रहेका गुणस्तर तथा नापतौल क्षेत्रीय तथा जिल्ला कार्यालयका कार्यालय प्रमुख.–
(१) कैलाली (२) कास्की (३) धनुषा ।

ग) काठमाडौं जिल्लाको लागि वाणिज्य विभागका शाखा अधिकृतहरू ।

घ) देहायका जिल्लाहरूको लागि सम्बन्धित जिल्लामा रहेका वाणिज्य कार्यालयका प्रमुखः–
(१) मोरङ्ग (२) पर्सा (३) रुपन्देही (४) बाँके ।

ङ) खण्ड (क), (ख), (ग) र (घ) मा परेका जिल्लाहरू बाहेक अन्य बाँकी जिल्लाहरूको लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारीको दरबन्दी नभएको वा निजको अनुपस्थितिमा प्रशासकीय अधिकृत ।

खण्ड ५०, को संख्या १७, मिति २०५७।४।२३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको सचिव

८/८



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल न्याय सेवा, न्याय समूह, राजपत्रांकित प्रथम श्रेणीका अधिकृत श्री अग्निप्रसाद थपलियालाई श्रम अदालत (कार्य-विधि) नियमावली, २०५२ को नियम ३ बमोजिम श्रम आदालतको मुद्दा हेर्ने अधिकारीमा तोकेको छ ।

आज्ञाले,
माधव पौडेल
नेपाल सरकाको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।